# बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय

# को

## “१०० दिनको उपलब्धिहरू ”

बागमती प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

हेटौंडा

२०८१

## भौतिक पूर्वाधार बिकास मन्त्रालयको "१०० दिन" भित्र भएका मुख्य-मुख्य उपलब्धिहरू:

१. मन्त्रिस्तरिय प्रथम निर्णयबाट यस मन्त्रालय अन्तर्गत रहेको रुग्ण आयोजनाहरुको पहिचान, व्यवस्थापन तथा सहजिकरण गर्नको लागि १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी "रुग्ण आयोजना पहिचान तथा सहजिकरण समिति" गठन गरिएको र उक्त समितिबाट प्राप्त प्रतिवेदनको आधारमा योजनागत रूपमा मन्त्रालयको तर्फबाट प्राथमिकता साथ छलफल, कार्यस्थल भ्रमण, बैठक तथा ताकेता गरी सहजिकरण तथा समाधानको प्रयासहरू भएको, फलस्वरूप पहिचान गरिएको जम्मा ५५ ओटा रुग्ण योजनाहरू मध्ये यस अवधिमा २ ओटा योजना सम्पन्न भएको , २५ ओटा योजनाहरूमा ठप्प रहेको निर्माण कार्य सुचारू भएको र बाकि योजनाहरूको समेत समस्या सहजीकरणको प्रयास भैरहेको

२. मन्त्रिस्तरिय निर्णयबाट प्रादेशिक सड़कहरुमा प्राकृतिक विपदको समयमा छिटो-छरितो तथा प्रभावकारी रुपमा क्षतिग्रस्त भौतिक पूर्वाधारहरुको मर्मत सुधारको कार्यको लागी आकस्मिक र तत्काल परिचालन गर्न सकिने गरी द्रुत प्रतिकार्य टोली (QRT) गठन भएको

३. संवत २०८१ साल असोज ११ देखि १३ गते सम्मको अविरल बर्षाको कारणले आएको बाढ़ी, पहिरो तथा डूवानको कारणले प्रदेश अन्तर्गतका मुख्य-मुख्य सड़क तथा सड़क पुलहरू अत्याधिक क्षतिग्रस्त भई बड़ादसैं जस्तो महान चाडको अवसरमा आवागमन ठप्प भएको अवस्थामा अहोरात्र खटिएर उपलब्ध सिमित जनशक्ति,श्रोत र साधनहरूको परिचालन गरी एकदमै **किफायती ,प्रभावकारी र कुशल तरिकाले** महत्वपूर्ण सड़क सन्जालहरूको तत्काल मर्मत/सुधार, डाईभर्सन निर्माण तथा बैकल्पिक सड़कहरुको पुनर्स्थापन जस्ता कार्यहरू गरि राजधानी, हेटौडा देखि काठमाण्डौ जोड़ने ३ ओटा मुख्य प्रादेशिक सड़कहरू, अति क्षतिग्रस्त जिल्ला (सिन्धुली ,काभ्रे, रामेछाप, सिन्धुपाल्चोक) लगायत अन्य जिल्लाहरूको समेत आवागमनलाई छोटो समयमा नै रुपमा सुचारू गर्न सफल भएको

४. "बागमती प्रदेश सरकारको प्रशासनिक भवन" निर्माण योजनाको जग्गा प्राप्ति गर्ने प्रक्रिया अन्तर्गत उक्त आयोजना लाई **"राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना"** निर्धारण गर्न राष्ट्रिय योजना आयोग, काठमाडौं लाई अनुरोध लेखि पठाईएको

५. बागमती प्रदेश सरकार अन्तर्गत भवन निर्माणको क्षेत्रलाई सुरक्षित, व्यवस्थित र बाताबरणमैत्री बनाउन, "प्रदेश सरकारको भवन निति, २०८१" तयार गरी सहमतिको प्रक्रिया अगाडी बढाईएको

६. बागमती प्रदेश अन्तर्गतका शहरहरूको दिगो, उत्थानशील तथा पर्यावरणमैत्री र सन्तुलित तथा योजनाबद्ध संगै व्यवस्थित शहरी बिकासको लागी " प्रादेशिक शहरी निति, २०८१" र प्रदेश सरकारबाट स्विकृत भएको "प्रादेशिक सड़कहरू" को व्यवस्थित तथा प्रभावकारी बिकास गर्न "प्रादेशिक सडक मापदण्ड (Province Road standard, PRS) , २०८१" को मस्यौदा तयार भएको

७. रूबी भ्याली लगायत मानव बिकास सुचांक (HDI) मा पछाडी परेका स्थानिय तहहरूको एकिकृत पूर्वाधार बिकास कार्यक्रमलाई व्यवस्थित गर्न "कार्यक्रम कार्यान्वयन कार्यबिधि,२०८१" तयार गरी सहमतिको लागी पेश भएको

८. हाल सम्म भौतिक पूर्वाधार बिकास मन्त्रालयले १३ कि.मि. कालोपत्रे , ११ कि.मि. सड़क ढलान, २२ कि.मी. ग्राभेल, २७ कि.मी. नया ट्रयाक खोल्ने कार्य, ४ ओटा सड़क पुल र १ ओटा झुलुंगे पुल, ३ ओटा सामुदायिक भवनको निर्माण कार्य सम्पन्न गरेको

९. यस मन्त्रालयबाट संचालित बिभिन्न लक्षित वर्गको आवास निर्माण कार्यक्रमहरू मार्फ़त यस अवधिमा जनता आवास कार्यक्रम तर्फ थप १२ ओटा आवास , चेपांग, बनकरिया ,माझी, बोटे एकिकृत बस्ती बिकास कार्यक्रम अन्तर्गत थप २६० ओटा आवास र खरको छानो उन्मूलन कार्यक्रम अन्तर्गत थप २४७ ओटा आवास निर्माणको कार्य सम्पन्न भएको

१०. सड़क तथा सड़क पुलहरूको बार्षिक मर्मत सम्भार योजना तथा पटके मर्मत योजना मार्फ़त मन्त्रालयले यस अवधिमा **८३ कि.मि. सड़क मर्मत तथा १५ ओटा सड़क पुल/कल्भर्ट सम्बन्धी** मर्मतको कार्य सम्पन्न गरेको

११. मन्त्रालयले यस अवधिमा बागमती प्रदेश अन्तर्गतका बिभिन्न मन्त्रालय तथा अन्तर्गतका सरकारी निकायहरूको सरकारी भवन तथा आवास मर्मत/सुधार कार्यक्रम अन्तर्गत ३१ ओटा भवन मर्मतको कार्य सम्पन्न गरेको

१२. बागमती प्रदेश अन्तर्गत उदयमान सहरहरू र स्थानियतहका केन्द्रहरूलाई मौलिक पहिचान सहितको व्यवस्थित सहर निर्माण गर्न बिभिन्न पालिकाकेन्द्र तथा बजार केन्द्रहरूको पूर्व- सम्भाव्यता अध्ययन, प्रादेशिक सरकारी भवनहरूको अवस्था बिश्लेषण तथा तथ्यांक संकलन गर्न प्रदेश स्तरिय सरकारी भवन ब्याब्स्थापन सुचना प्रणाली (BMIS) तयार गर्ने, प्रादेशिक राजधानी हेटौडाको बृहत् तथा व्यवस्थित बिकास गर्न "बृहत् हेटौडा सहर गुरुयोजना" र "जग्गा बिकास कार्यक्रम" जस्ता नवीन योजनाहरूको लागी पुर्व- सम्भाव्यता अध्ययन गर्न परामर्शदाता छनौटको प्रक्रिया अगाड़ी बढेको

१३. बागमती प्रदेश सरकारबाट स्विकृत भएको "प्रदेश सड़क यातायात गुरुयोजना" अन्तर्गत रहेको सड़कहरूको अवस्थाको बिबरण अध्यावधिक गरी व्यवस्थित बिकास गर्न योजना तयार गर्ने उदेश्यले "प्रादेशिक सडकहरुको सड़क अध्यावधिक अध्ययन गर्न" परामर्शदाता छनौट गर्ने कार्यको गृहकार्य शुरू भएको

१४. यस मन्त्रालय अन्तर्गत हालसम्म रहेको जम्मा बेरुजू र सोको प्रकृति सहितको बिबरण, हाल सम्म फच्यौंट भएको र फच्यौंट गर्न बाकि रहेको बेरुजू सम्बन्धी बिबरणहरूको अध्याव्धिक गर्ने कार्य सम्पन्न भएको

**तस्बिर : द्रुत प्रतिकार्य टोली (QRT) गठन समारोह**




**तस्बिर : मा. मन्त्रिज्यु र सचिबज्यू बिच करार सम्झौता**







तस्बिरः बिपदमा जनता संग (आवागमन खुलाउन प्रयासरत)

बिपदमा जनता संग ( आवागमन खुलाउन प्रयासरत)



तस्बिरः पहिरो हटाई आवागमन सुचारू गर्दै, रामेछाप



तस्बिरः निर्माणाधीन "प्रदेश सभा हल", हेटौडा मकवानपुर



तस्बिरः निर्माणाधीन हेटौडा अस्पताल, मकवानपुर




तस्बिरः "जनता आवास कार्यक्रम" मार्फत सम्पन्न आवास



तस्बिरः  हेटौंडा फाखेल फर्पिङ सडक अन्तर्गत हेभी, सिमखोला (कुलेखानी डयाममुनी) सडक डाईभर्सन निर्माण



तस्बिरः रेडक्रस भवन , सिन्धुली



तस्बिरः सड्क सम्बन्धी निर्माण कार्यहरू, सिन्धुपाल्चोक




तस्बिरः सड्क पुल निर्माण, रामेछाप




तस्बिरः "लक्षित बर्ग आवास कार्यक्रम अन्तर्गत सम्पन्न चेपांग समुदायको आवास




तस्बिरः "खर को छाना उन्मूलन" कार्यक्रम अन्तर्गत फेरिएको बस्ती जिल्ला, सिन्धुली



तस्बिरः सड्क निर्माण, रामेछाप



तस्बिरः निर्माण सम्पन्न भएको सामुदायिक भवन जिल्ला , सिन्धुली




तस्बिरः निर्माणाधीन बुद्ध पार्क , चौतारा सिन्धुपाल्चोक

## धन्यबाद !!!